हाम्रो तुलसीपुर- राम्रो तुलसीपुर खुसी जनता-समृद्ध तुलसीपुर

## आर्थिक वर्ष २०८३/०८४ को

# वार्षिक बजेट तथा कार्यक्रम



तुलसीपुर उपमहानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर, दाङ

# तुलसीपुर उपमहानगरपालिकाको **१९ औँ** नगर सभाकोअधिवेशनमा

## नगर उपप्रमुख **श्री श्यानी चौधरी** ज्यू ले प्रस्तुत गर्नुभएको

## **आ.व. २०८३-८४ को**

# वार्षिक बजेट तथा कार्यक्रम

तुलसीपुर उपमहानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर, दाङ

२०८३ असार ८

**सम्मानित नगर सभाका सभाध्यक्षज्यू, नगरसभाका सदस्यज्यूहरू, प्रमुख प्रशासकीय अधिकृतज्यू,** कर्मचारी मित्रहरू, सञ्चारकर्मी तथा उपस्थित सम्पूर्ण महानुभावहरू,

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली स्थापना भए सँगै स्थानीय तहको दोस्रो कार्यकालका लागि सार्वभौमसत्ता सम्पन्न जनताले अनुमोदन गरी पठाएका जनप्रतिनिधिका हैसियतले नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा प्रचलित कानुनी व्यवस्था बमोजिम यस सम्मानित नगरसभामा आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अवसर पाउँदा अत्यन्तै गौरवान्वित महसुस गरेको छु ।

सर्वप्रथम इतिहासका विभिन्न कालखण्डहरुमा भएका राजनीतिक परिवर्तन, दश वर्षे शसस्त्र द्वन्द, संघर्ष तथा विभिन्न समयका परिवर्तनकारी आन्दोलन र पछिल्लो समयमा भएको जेन्जी आन्दोलनका क्रममा ज्यान आहुती गरि साहदत प्राप्त गर्नु हुने ज्ञात अज्ञात सहिदहरु प्रति उच्च सम्मानकासाथ भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु ।साथै घाइतेहरुमा शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

तुलसीपुर उपमहानगरपालिकाको विकास, समुन्नति र समृद्धि नै हाम्रो मुख्य गन्तव्य हो ।नागरिकको सबैभन्दा नजिकको सरकार भएकाले स्थानीय सरकारसँग नागरिकको आशा, भरोसा र अपेक्षाहरु असिमित रहेका छन ।समृद्ध तुलसीपुर निर्माण गर्ने लक्ष्यका साथ **"हाम्रो तुलसीपुर राम्रो तुलसीपुर खुशी जनता समृद्ध तुलसीपुर"** भन्ने मूल नाराका साथ हामी अनवरत रुपमा अगाडी बढिरहेका छौं। आगामि आर्थिक वर्षको बजेट तथा कार्यक्रमको तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, स्थानीय तह योजना तर्जुमा दिगदर्शन, संघीय सरकारको नीति, कार्यक्रम तथा बजेट, प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट, नेपाल सरकारको सोह्रौ योजना, नगरको दीर्घकालीन योजना, आवधिक विकास योजना, मध्यमकालिन खर्च संरचना र दिगो विकास लक्ष्य लगायत प्रचलित नीति, नियम, कानूनहरु नगरवासीको आवश्यकता, जनप्रतिनिधिहरूबाट प्राप्त सुझाव, विषयगत समिति तथा स्थानीय विकासका प्राथमिकता, सम्पूर्ण सरोकारवालाहरुका आवश्यक सल्लाह सुझावहरु यस बजेट तथा कार्यक्रमका मुख्य आधारहरु हुन ।

हाम्रो बजेट तथा कार्यक्रमको मूल लक्ष्य सुशासन, समृद्धि, सामाजिक न्याय, नवप्रवर्द्धनमा आधारित उधमशिलता र दिगो विकास हासिल गर्नु रहेको छ। सीमित स्रोत र साधनको अधिकतम उपयोग गर्दै नगरवासीलाई गुणस्तरीय सेवा प्रदान गर्ने, आर्थिक गतिविधि विस्तार गर्ने, सामाजिक क्षेत्रलाई सुदृढ बनाउने तथा पूर्वाधार विकासलाई गुणस्तरीयता कायम गरि तीव्रता दिने उद्देश्यका साथ बजेट विनियोजन गर्ने प्रयास गरिएको छ।यस बजेटले विशेष गरी सुशासन तथा संस्थागत सुदृढीकरण, शिक्षा, स्वास्थ्य र सामाजिक सुरक्षाको विस्तार, कृषि, पर्यटन, उद्योग तथा उद्यमशीलताको प्रवर्द्धन, गुणस्तरीय तथा दिगो पूर्वाधार निर्माण, वन, वातावरण संरक्षण तथा विपद् जोखिम न्यूनीकरण, महिला, युवा, बालबालिका, ज्येष्ठ नागरिक, हिंसा प्रभावित, उत्पिडित तथा सीमान्तकृत समुदायको सशक्तीकरणलाई प्राथमिकतामा राखेको छ।

हामीले विकासका प्रतिफललाई नगरका सबै नागरिकसम्म पुऱ्याउने, रोजगारीका अवसर सिर्जना गर्ने, लगानीमैत्री वातावरण निर्माण गर्ने तथा पारदर्शी , जवाफदेहिता र उत्तरदायी स्थानीय शासन प्रणालीलाई थप सुदृढ बनाउने प्रतिबद्धता व्यक्त गर्दछौं। तुलसीपुर उपमहानगरपालिकाले आ.व. २०८३/०८४ को बजेट कार्यन्वयनका सवालमा **"विकासमा लागत सहभागिता र पूर्ण जनसहभागिता तथा जनश्रमदान"** लाई उच्च प्राथमिकता दिईनेछ ।

# चालु आ.व मा देहाय बमोजिमका मुख्य उपलब्धि हाँसिल गरेका छौं ।

1. वडा नं ४ रक्षाचौर चारबाटो चोक देखि एक्ले वर जाने ११९४ मिटर , बाससोतादेखि वडा नं १४ वडा कार्यालय हुदै मटेरा जाने ५५९ मीटर सडक कालोपत्रे, वडा नं १३ राप्ती राजमार्ग देखि पनालीबोट जाने २०६५ मीटर लगायत विभिन्न स्थानमा १५,०७७ मिटर कालोपत्रे भएको छ।
2. बास गढी चोकदेखि स्यालापानी जाने सडकमा १९०८ मिटर, अकमीदेखि रनियापुर पुरानो बाखे-नेपालगञ्ज जोड्ने सडकमा नाला निर्माण लगायत विभिन्न स्थानमा ९९५८ मिटर पक्की नाला निर्माण भएको छ।
3. वडा नं. ३, ७ र १९ को वडा कार्यालय भवनको निर्माण कार्य सम्पन्न भएको छ भने वडा नं ६ को कार्यालय भवन निर्माण कार्य अगाडि बढेको छ।
4. वडा नं ९ मा स्वास्थ्य चौकी भवन तला थप सम्पन्न भएको छ र वडा नं १, १२ र १९ को निर्माण कार्य अन्तिम चरणमा रहेको छ भने वडा नं ३ र १७ को स्वास्थ्य चौकी भवन मर्मत तथा पूर्वाधार निर्माण गरिएको छ ।
5. वडा नं ९ श्री मा.वि दोघरे ८ कोठे भवन र वडा नं ५ श्री प्रा.वि गैरापातुको २ कोठे विद्यालय भवन निर्माण सम्पन्न, वडा नं १८ श्री सुवाकोटी विद्यालयको पूर्वाधार निर्माण सम्पन्न, वडा नं ३ श्री प्राथमिक विद्यालय थापापानी, वडा नं १४ खौसापुर आधारभूत स्कुलको विद्यालय भवन निर्माण कार्य अन्तिम चरणमा रहेको छ, वडा नं १९ श्री सग्राम स्कुलमा भवन निर्माण भइरहेको छ ।
6. वडा नं ११ मा दुई वटा बक्स कल्भर्ट पुल निर्माण अन्तिम चरणमा रहेको छ ।
7. भारतीय राजदुतावास र नगरपालिकाको साझेदारीमा राप्ती आँखा अस्पतालको अपरेशन थियटर भवन निर्माण कार्य सम्पन्न भएको छ।
8. वडा नं १२ र १८ मा कृषि हाटबजारको लागि पूर्वाधार निर्माण गरिएकोमा १२ नं वडामा हाटबजार सञ्चालनमा आएको छ।
9. वडा नं १४ गोठुवा गनारी, वडा नं ४ खोरिया र वडा नं १८ रातामाटा सिचाई कुलो लगायत अन्य सिंचाइ कुलो निर्माण सम्पन्न भएको छ ।
10. वडा नं १६ औद्योगिक ग्राम संरक्षणका लागि ८९९ मिटर पर्खाल निर्माण लगायत विभिन्न स्थानमा १५७०.६५ मिटर पर्खाल निर्माण सम्पन्न भएको छ।
11. वडा नं. १०, ११ र १२ को सिमानामा पर्ने पक्की पुल निर्माण सम्पन्न भएको र वडा नं ३ पातुखोला (शिरखोला) पुल निर्माण अन्तिम चरणमा रहेको छ ।६ वटा पुल निर्माणको प्रकृयामा गएका छन।

12. यसै गरी कल्भर्ट ६ वटा को निर्माण कार्य सम्पन्न भएको, ३३९.४ मिटर आर.सि.सि सडक निर्माण, ६ वटा गेट निर्माण भएको छ ।
13. चालु आर्थिक वर्षमा ११७१५ मिटर सडक स्तरोन्नती गरिएको छ।
14. भदौ २३ र २४ को जेन्जी आन्दोलनका क्रममा क्षति भएको तुलसीपुर उपमहानगरको पुरानो प्रशासकीय भवन मर्मत गरी कार्यालय सञ्चालन भएको छ।
15. मन्दिर निर्माण १, शवदाहस्थल १, ब्लक विच्छाउने कार्य ६४९.२२ वर्ग मिटर, १०१३.५ घनमिटर जाली लगाइएको छ।
16. जेन्जी आन्दोलनको क्रममा क्षेति पुगेका उच्च अदालत तुलसीपुर, सरकारी वकिल कार्यालय, सशस्त्र प्रहरी बल, इलाका प्रहरी कार्यालय तुलसीपुर, इलाका प्रहरी कार्यालय मलवार लगायतका संघीय कार्यालयहरुको आवश्यक पूर्वाधार निर्माण र मर्मत गरिएको छ।
17. विभिन्न विद्यालयहरुमा लागु पदार्थ दूर्व्यसनी सम्वन्धी सचेतनामूलक कार्यक्रम, नेपाल प्रहरीलाई मापासे चेकिङको लागि सामग्री हस्तान्तरण, साइबर क्राइम सम्वन्धी सचेतनामूलक कार्य गरिएको छ।
18. दमकल खरिद, ट्रेड टावर पुन निर्माणको लागि टेण्डर प्रकृया अगाडि बढेको छ।
19. वन उद्यममा आधारित ठेकी बनाउने तालिम, नर्सरी ब्यवस्थापन तालिम, सिलाईकटाई तालिम, हाउस वाइरिङ तालिम जस्ता सिपमूलक तालिम १०५ जनालाइ प्रदान गरिएको छ।
20. विपन्न तथा दलित समुदायका ३७ जना विद्यार्थीलाई लोकसेवा तयारी कक्षा सञ्चालन गरिएको छ।
21. डिजिटल थारु प्रोफाइल, आवधिक योजना,सा माजिक परीक्षण, यातायात गुरुयोजना, भूमी वर्गीकरण योजना, नगर प्रोफाइल, मध्यमकालीन खर्च संरचना,सं स्थागत क्षमता विकास योजना, सडक गुरुयोजना, संगठन विकास सर्वेक्षण, राजस्व सम्भावना सर्वेक्षण योजना, जेसी अडिट गर्ने लगायतका कार्यहरु सम्पन्न भएका छन।
22. चालु आर्थिक वर्षमा १७१ जना ज्येष्ठ नागरिक परिचयपत्र वितरण गरिएको छ।
23. पारिवारिक विखण्डनमा परेका जम्मा ३ जना बालबालिकाहरुको उद्धार गरिएको र १ जनालाई पारिवारिक पुनर्स्थापना गरिएको छ ।
24. उपमेयर महिला सुरक्षा आवास गृहबाट जम्मा २५ जना हिंसा प्रभावितहरुलाई सेवा प्रदान गरिएको छ ।
25. आपतकालिन अवस्थामा रहेका जम्मा २३ जना बालबालिकाहरु दीदिघर संस्थाको संरक्षणमा राखीएको छ र निज बालबालिकाहरुको लागि खाद्यान्न सहयोग गरिएको छ ।
26. जेष्ठ महिनासम्म जम्मा ९७ जना अपाङ्गता भएका व्यक्तिहरुको वर्गिकरण गरीएको र ७१ जनाले परिचय पत्र प्राप्त गर्नुका साथै ७ जनाको पुन वर्गिकरण गरिएको छ ।
27. व्यावसायीकता विकासका लागि ३३ जना महिलालाई फोटो पत्रकारिता सम्बन्धी ४ दिनसम्म तालिम प्रदान गरिएको छ ।

28. सबै वडाहरुमा वडास्तरीय बाल सञ्जाल र वडास्तरीय दलित विकास समिति गठन तथा परिचालन भएका छन् ।

29. लैंङ्गिक हिंसा निवारणमा सञ्चार माध्यमहरुको परिचालनका लागि २२ वटा स्थानीय सञ्चार माध्यमहरु मार्फत लैंङ्गिक हिंसा विरुद्धको सामाग्रीहरु प्रकाशन प्रसारण भई हिंसा विरुद्ध सचेतना बृद्धि गरिएको छ ।

30. सहयोगापेक्षी सडक आश्रित मानवमुक्त पालिका घोषणा भएको छ र मानव सेवा आश्रम र अन्य सरोकारवालाहरुको संयुक्त प्रयासमा रात्रीकालिन सडक सेवा निरन्तर भई रहेको छ ।

31. दलित आयोग र पालिकाको संयुक्त आयोजनामा दलित समुदायका कानुनी हक र अधिकार विषयमा जनप्रतिनिधिहरुलाई प्रदेशस्तरीय अनुशिक्षण सम्पन्न गरिएको छ ।

32. यस कार्यलय र रासि बबई क्यामपसको सहकार्य र समन्वयमा अन्तराष्ट्रिय विज्ञहरु र राष्ट्रिय स्तरका विश्वविधालयहरुका प्रोफेसर तथा प्राध्यापकहरुको सहभागितामा राष्ट्रिय शैक्षिक सम्मेलन सम्पन्न भएको छ ।

33. Changing Stories Nepal संगको साझेदारीमा सामुदायिक विद्यालयका ६९ जना शिक्षकहरुका लागि एकीकृत पाठ्यक्रम अनुसार सहजिकरण तथा सामग्री निर्माण सम्बन्धी ८ दिने तालिम सम्पन्न गरिएको छ ।

34. अम्वेश्वरी मा वि अम्वापुर संगको संयुक्त आयोजनामा तुलसीपुर वृहत सिकाइ मेला २०८२ सम्पन्न गरिएको छ ।

35. पालिकास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता तुलसीपुर उपमहानगरपालिका र बालमितेरी मा.वि भोजपुरको संयुक्त आयोजनामा सम्पन्न गरिएको छ।

36. जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता २०८२ मा नगरको तर्फवाट प्रतिनिधित्व गरी जिल्लामा द्धितीय स्थान हुन सफल भएको छ ।

37. विवाद समाधानमा मेलमिलापलाई उच्च प्राथमिकता दिदै १९ वटै वडाबाट प्रतिनिधित्व हुनेगरी ७८ जना मेलमिलापकर्ता सूचिकृत गरिएको छ ।

38. क्षयरोग मुक्त पालिका शुक्ष्म योजना वडा स्तरीय अभिमुखीकरण सम्पन्न गरिएको छ।

39. एक्सरे द्वारा विभिन्न वडाका ७२६ जनाको क्षयरोग जांच गर्दा ३ जना पहिचान गरिएको छ ।

40. कोभिड खोप प्रमाणीकरण हाल सम्म १२७८६ जनामा गरिएको छ ।

41. यस पालिका अन्तरगत पर्ने विभिन्न वडाहरुमा छाडा रुपमा रहेका पशु चौपायाहरुलाई तुलसी गौशाला संरक्षण केन्द्रसम्म पुर्याई व्यवस्थापन गरिएको छ।

42. ३५७ जना भन्दा बढीलाई पुनः श्रम स्वीकृती प्रदान गरिएको छ।

43. बैदेशिक रोजगारीमा मृत्यु भएका ७ जना श्रमिकको शव झिकाउनको लागि सिफारिस गरिएको ।

44. बैदेशिक रोजगार बोर्डबाट पूर्ण क्षतिपूर्ति प्राप्त गरेका कामदारका सन्तती छात्रवृत्तिका लागि ७६ जना विद्यार्थीहरुलाई सिफारिस गरिएको छ ।

45. डिजिटल थारु प्रोफाइल निर्माण कार्य सम्पन्न भएको छ ।

46. १९ वडाका पर्यटकीय क्षेत्रको विस्तृत तथ्याङ्क सङ्कलन गरिएको छ ।

47. सबै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको भत्ता रकम EFT प्रणाली मार्फत आ.व. २०८२/८३ को सम्बन्धित लाभग्राहीको खातामा जम्मा गर्ने व्यवस्था भएको छ ।

48. सामाजिक सुरक्षा भत्ता नवीकरणको लागि बायोमेट्रिक डिभाईस जडान गरि वडाबाटै नवीकरण गर्ने व्यवस्था मिलाइएको छ ।

49. भूमिहिन दलित ३०७६, भूमिहिन सुकुम्वासी २२७२, अब्यवस्थित वसोवासी १२५३७ गरी १७८८५ घरपरिवारको तथ्याङ्क शंकलन गरिएको छ।

50. जेठ मसान्तसम्ममा १७ करोड १६ लाख ४५ हजार राजस्व शंकलन भएको छ।

51. बिद्यालय केन्द्रित HPV खोप अभियानमा कक्षा ६ का २१४६ छात्रालाइ खोप प्रदान गरिएकोछ।

52. विपन्न नागरिक निःशुल्क उपचार सिफारिस हाल सम्म प्रदेशमा २५ जना संघीयमा १२४ जनालाइ सिफारिस गरिएको।

53. नियमित खोप क्लिनिक,कोल्ड चेन, खोप डाटा सुपरिवेक्षण ५ स्थानमा गरिएको छ।

54. नसर्ने रोगको स्क्रिनिंग कार्य सम्पन्न भएको छ ।

55. आत्महत्या न्यूनीकरण तथा मनोसामाजिक स्वास्थ्य प्रबर्धन अभिमुखीकरण विभिन्न वडामा शिक्षक ३० जना ,महिला स्वास्थ्य स्वयमसेविका., प्रहरी, किशोर किशोरी स्वास्थ्यकर्मी गरि जम्मा १२० जनालाई अभिमुखीकरण गरिएको ।

56. स्वास्थ्य संस्थाका नर्सिङ, संस्था प्रमुखहरुलाई PNC Home Visit review labour care सम्बन्धि बिषयमा ५४ जनालाई अभिमुखीकरण गरिएको ।

57. ५०% अनुदानमा कृषि यान्त्रीकरण सहयोग कार्यक्रमको लागि ९६ वटा मिनिटिलर र चापाकटर २२ वटा वितरणको गरिएको छ ।

58. गहुँको विउ २०० क्विन्टल २९२ जना, २५ क्विन्टल मकैको विउ ,६५१ जना कृषकलाई धानको बिउँ वितरण गरिएको छ।

59. ४५२४ घर धुरीका १३०१२ गोटा पशुपन्छीहरुमा नि शुल्क उपचार सेवा प्रदान गरिएको छ ।

60. ३६८ गाई भैसीहरुमा निशुल्क कृत्रिम गर्भाधान २२७ गोट कुकुर तथा कुकुरले टोकेका पशुहरुलाई Pre तथा Post Bite ARV खोप प्रदान गरिएको छ।

61. घुम्ती शिविर,गोठ उपचार सेवा, सेवाकेन्द्रवाट ८४७३ पशुपन्छीहरुमा नि शुल्क उपचार सेवा प्रदान गरिएको छ।

62. अविरल वर्षातका कारण पहिरो तथा कटान भएका ४६ स्थानमा संरक्षणका लागि ५३१ थान ग्याविन तारजाली वितरण गरिएको छ ।

63. पार्किंग व्यवस्थापन गर्न ग लाईन मा एकतर्फी पार्किङ शुरु गरिएको र जथाभावि पार्किंग गर्नेलाई दण्ड जरिमाना गरिएको छ ।

64. कक्षा ११ मा भर्ना हुने गरिव, विपन्न तथा जेहेन्दार विद्यार्थीको छात्रवृतिको लागि ३४० जना विद्यार्थीको परीक्षा सञ्चालन गरि सफ्टवेयरमा प्राप्ताङ्क प्रविष्टी गर्ने कार्य गरिएको छ।

65. २०८२ सालको SEE मा जिल्लामै उत्कृष्ट नतिजा हाँसिल गर्न सफल भएका छौं ।

66. सहकारी संस्थाका पदाधिकारीलाई वित्तिय साक्षरता सम्वन्धी २ दिने तालिम सम्पन्न भएको छ।

67. वडा नं १३ को फूलवारी क्षेत्रमा प्राग ऐतिहासिक मानव विकासको इतिहासविदबाट स्थलगत सर्वेक्षण गराइएको ।तुई मानव विकास सभ्यता स्थलगत अध्ययन मार्फत प्राग ऐतिहासिक मानव बसोबासको अवस्था र स्थान पहिचान भएको छ।

68. परम्परागत लोकबाजा सारङ्गीको प्रवर्द्धनका लागि कार्यक्रम सञ्चालन, नगर स्तरिय जातिय नाच प्रतियोगिता र १९ वडाका पर्यटकीय क्षेत्रको विस्तृत तथ्याङ्क सङ्कलन गरिएको छ।

69. बजार भित्र रहेको अस्तव्यत तथा फुटपात समस्याहरुलाइ अनुगमन समितिबाट अनुगमन गरी वजार व्यवस्थापन र अखाद्यबस्तुहरु विक्रिवितरणमा रोक तथा होटलहरु लगाएतका पसलहरुमा अनुगमन फोहर व्यवस्थापन गरिएको छ ।

70. नियमानुसार दर्ता र नविकरण नगरेका उद्योग व्यवसायीहरुलाइ अनुगमन गर्ने क्रममा फिल्डमा नै दर्ता नविकरण कार्य गरिएको छ ।

71. छाडा रुपमा छाडिएका पशु चौपायाहरुलाई नगरस्थित रहेका गौशाला संरक्षण केन्द्रहरुमा पुऱ्याई व्यवस्थापन गर्ने गरिएको छ।

72. मानिसको वेवारिसे शव तथा मृत पशु चौपायाहरुको समयमा नै उचित व्यवस्थापन गर्ने गरिएको छ।

73. नगर सौन्दर्यताको लागि घोराही रोडमा रहेको ग्रिनवेल्टमा फुलको विरुवा रोप्ने कार्य गरिएको छ ।

74. व्यवसाय दर्ता संख्या- ८६४८ वटा , नयाँ व्यवसाय दर्ता- ५४० वटा , व्यवसाय नविकरण- ३५९८ वटा , व्यवसाय बन्द- ३९ वटा भएका छन।

75. २० जना महिला कैदी बन्दीहरुका लागि बुटिक सम्बन्धी सीपमूलक तालिम प्रदान गरिएको छ ।

76. वडा नं १९ का एकल र विपन्न महिलाहरुका लागि विभिन्न अचार बनाउने सम्बन्धी तालिम प्रदान गरिएको छ ।

77. ७३ वटा विभिन्न विपद्का घटनाहरु घटेका जसमा प्रकोपहरुबाट क्षति भइ पिडित भएका ५६ घर परिवारहरुलाई राहत प्रदान गरिएको छ।

78. वडा नं १ मा जम्मुचिरा जलाशयमा डुँगा सञ्चालन, चुरेघाँटी खानेपानी योजना अन्तर्गत ३५०० मिटर पाइप विस्तार गरिएको छोटे शिवमन्दिरमा शौचालय निर्माण गरिएको लगायतका कार्यहरु भएका छन ।

79. वडा नं २ कुमलगडिमा हिउँदे सिंचाईको लागि पक्कि कुलो, मिलनटोल पश्चिममा र भुवनेश्वरी टोलमा नाला निर्माण, तकियापुर र कुमलगढिमा कल्भर्ट निर्माण र बालापुर मिलनचोक टोलमा सि सि क्यामरा जडान लगायतका कार्यहरु भएका छन।

80. वडा नं ३ मा मिलनटोल विकास संस्थाको टोल भवन, बराहकाली मन्दिर निर्माण, राणागाउँमा बौद्ध स्तुपा निर्माण, महिलाहरुका लागि उद्घघोषण तालिम दिइएको छ।

81. वडा नं ४ मा हात्तिलोटे टोलको मन्दिर तारबार गरी मन्दिर संरक्षण गरिएको, लामिदमार सिचाईकुलो पक्की निर्माण गरिएको, एकल महिलाहरुलाई ५०% छुटमा स्वास्थ्य विमा कार्यक्रम, दलित, वादी र गन्दर्भ जातिको पेशागत संरक्षण तथा प्रोत्साहन कार्यक्रम लगायतका कार्यहरु गरिएको छ।

82. वडा नं ५ मा उद्योग वाणिज्य संघ टोलमा नाला, सम्झना टोलको नालामा पक्की स्ल्याव , प्रगतिशील टोलको आलुमण्डीमा आर.सि.सि बाटो निर्माण, सरस्वती टोलमा कल्भर्ट निर्माण लगायतका कार्यहरु गरिएको छ।

83. वडा नं ६ मा विपन्न तथा हिंसा प्रभावित महिलाहरुलाई न्यानो कपडा वितरण, वडाका विभिन्न स्थानमा पक्की नाला निर्माण, दक्षिण राजापुर टोलमा भवन निर्माण गरिएको, मानव धर्म सेवा समितिको कल्भर्ट र गेट निर्माण लगायतका कार्यहरु गरिएको छ।

84. वडा नं ७ मा नगर स्वास्थ्य भवन पर्सेनीमा ट्रष्ट निर्माण, ब्रहामष्ट मन्दिर परिसरमा पर्खाल निर्माण, खेलकुद सामाग्री वितरण, वडा कार्यालय प्राङ्गनमा ब्लक इट्टा विच्छाउने कार्य लगायतका कार्यहरु भएका छन।

85. वडा नं ८ मा दलित महिलाहरुका लागि अटो रिक्सा तालिम र कफि बनाउने BARISTA तालिम संचालन गरिएको, चाहना टोल देखि अन्नपुर्ण टोल जोड्ने बाटोको नयाँ ट्र्याक खोल्ने कार्य , ७०० मिटर विभिन्न टोलहरुमा बाटो ग्राभेल गर्ने लगायतका कार्यहरु भएका छन।

86. वडा नं ९ मा भद्रकाली र सिद्धिविनायक टोलमा करिव ३७५ मिटर बाटो कालोपत्रे, गौरीशंकर टोलदेखि अटोभिलेज वडा नं.८ को सिमानासम्म ५५१ मिटर बाटो कालोपत्रे, वेलुवा, थर्कुडाँडा, नवदुर्गा ग्रीनपार्क क्षेत्रमा करिव ३४०० मिटर बाटो कालोपत्रे लगायतका कार्यहरु भएका छन।

87. वडा नं १० मा विभिन्न स्थानमा ७०० मी नयाँ ट्र्याक निर्माण, १ कि.मी स्तरोन्नती र ७०० मी ग्राभेल ,वोरिङ सिचाईको लागि १२० मी. पक्की नहर निर्माण , गोलौरी सानोगाउँमा कल्भर्ट निर्माण लगायतका कार्यहरु भएका छन।

88. वडा नं ११ मा ज्येष्ठ नागरिक र सामाजिक योगदान गरेका बुहारीलाई सम्मान कार्यक्रम, सुरक्षा संवेदनशिलता भएका ४ स्थानमा सि.सि क्यामेरा जडान, बेलटाकुरा रिङ रोड सडक कालोपत्रे, बेलगनारी ठुलो कुलो मर्मत लगायतका कार्यहरु भएका छन।

89. वडा नं १२ मा क्वाङ्गी खैरेनी बाटो स्तरोन्नती, जमलपुरमा घाट निर्माण , कपडादेवी टोलको गाइडर जोड्ने बाटो देखि दक्षिण सार्वजनिक कुवासम्मको बाटो स्तरोन्ती, रझेना प्रतिक्षालयदेखि पड्डा जाने सडक कालोपत्रे लगायतका कार्यहरु भएका छन।

90. वडा नं १३ मा १६ वटा सार्वजनिक कुवा निर्माण, बराहखुटी गौथली चिरामा कल्भर्ट निर्माण, ढकना सिमलखुटे टोलमा अधुरो नाला निर्माण, जन्तिढुङ्गा संरक्षणका लागि मन्दिर निर्माण कार्य लगायतका कार्यहरु भएका छन।

91. वडा नं १४ मा खौसापुर देखि डबकपुर जाने बाटो स्तरोन्नती, वडा कार्यालय हुदै सर्रा जाने बाटो देखि खौसापुर चौधरी गाउ जाने बाटो स्तरोन्नती, पहली डबकपुर जोड्ने कूलो र दुम्ना देखि भग्वार जोड्ने बाटोमा कल्भर्ट निर्माण लगायतका कार्यहरु भएका छन।

92. वडा नं १५ मा जेष्ठ नागरिकलाई पौष्टिक आहारा वितरण, कन्जवार पतखौली तथा खैरेनीमा सडक मर्मत तथा स्तरोन्नती, कृषकलाई ५० प्रतिशत अनुदानमा घासको विउ वितरण लगायतका कार्यहरु भएका छन।

93. वडा नं १६ मा डाँडापोखरी र साइपुर टोलमा नाला निर्माण, नमुना टोलमा सामुदायिक भवन निर्माण, लक्ष्मी मा.वि देखि डोक्रेनी जाने बाटोमा पक्की नाला निर्माण, लगायतका कार्यहरु भएका छन् ।

94. वडा नं १७ का विभिन्न स्थानमा बाटो ग्राभेल, कटिङ तथा स्तरोन्नति, वनकट्टामा ह्युमपाईप कल्भर्ट निर्माण, जिनुवागाउँमा सिचाई कुलो निर्माण र तारजाली, महिलाहरुका लागि उद्घोषण तथा नेतृत्व विकास कार्यक्रम सम्पन्न गरिएको छ।

95. वडा नं १८ मा मनिकापुरमा चौतारा निर्माण, स्थानीय बाजा संरक्षण गर्न १५ दिने मादल बजाउने तालिम ,बेलका रुखनेर शवदाह गृह निर्माण ,सक्राम खोला बेलघारी टोलबाट निमुवा हुदै मानपुर जोड्ने सडक कटिङ लगायतका कार्यहरु भएका छन।

96. वडा नं १९ मा गौराखोरिया सालडाँडामा २७५ मिटर नयाँ ट्याक, बाँसगढी शवदाह जाने बाटो र देवीस्थानमा कल्भर्ट तथा अधुरो नाला, विभिन्न स्थानमा १९४० मी. बाटो वर्षातको समयमा मर्मत, ९० जना कृषकलाई कृषि तथा पशुपालन सम्बन्धी २ दिन अभिमुखीकरण गरिएको र बीउ वितरण लगायतका कार्यहरु भएका छन।

**चालु आ.व को जेष्ठ महिना सम्मको आय व्ययको अवस्था देहाय बमोजिम रहेको छ।**

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ९ करोड ६० लाख ६८ हजार ४ सय ६६ रुपैया | २ करोड ५६ लाख ६३ हजार ४ सय ५० रुपैया | २६.७१ |
| २ | सामाजिक विकास | ८५ करोड २० लाख ०५ हजार ८ सय ३ रुपैया | ५८ करोड १६ लाख ४६ हजार ३ सय १५ रुपैया | ६८.२७ |
| ३ | पूर्वाधार विकास | ६५ करोड ४१ लाख ६ हजार १ सय ५२ रुपैया | २१ करोड २७ लाख ५९ हजार ८ सय ५४ रुपैया | ३२.५३ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ४ करोड ७६ लाख ५ हजार ९ सय ५ रुपैया | १ करोड ९३ लाख २२ हजार २ सय ६७ रुपैया | ४०.५९ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४६ करोड ३८ लाख ३४ हजार ९ सय ३५ रुपैया | २७ करोड ९२ लाख ३४ हजार ४ सय २७ रुपैया | ६०.२ |
| **कुल जम्मा** | | **२ अर्ब ११ करोड ३६ लाख २१ हजार २ सय ६१ रुपैया** | **१ अर्ब ११ करोड ८६ लाख २६ हजार ३ सय १४ रुपैया** | **५२.९२** |

**सम्मानित नगर सभाका सभाध्यक्षज्यू, तथा सदस्यज्यूहरू,**

**आगामी आ.व. २०८३/८४ को बजेट तथा कार्यक्रमका मुख्य प्राथमिकताका विषयहरु देहाय बमोजिम रहेका छनः**

## सुशासन तथा संस्थागत विकास

1. नागरिकमैत्री, पारदर्शी, डिजिटल तथा प्रविधिमैत्री सेवा प्रवाहका लागि डिजिटल सुशासन तथा ई-गभर्नेन्स प्रणाली विस्तार, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, सामाजिक उत्तरदायित्व,नागरिक सहभागिता र नागरिक सन्तुष्टि सर्वेक्षण, नतिजामा आधारित कार्य सम्पादन मार्फत प्रशासन तथा संस्थागत क्षमता विकास, सुधार तथा सुदृढिकरण,
2. आर्थिक अनुशासन, सार्वजनिक वित्तिय व्यवस्थापन तथा आन्तरिक नियन्त्रण प्रणाली सुदृढिकरण, भ्रष्टाचारमा शुन्य सहनशिलता तथा संस्थागत सुशासन प्रवर्द्धन,
3. तथ्यमा आधारित गुणस्तरीय तथा दिगो योजना तर्जुमा तथा अनुगमन प्रणालीको विकास।

## सामाजिक विकास

1. गुणस्तरीय, बिधार्थिमैत्री शिक्षा, युवा तथा खेलकुद विकास र स्वास्थ्य, पोषण, सरसफाइ तथा खानेपानी सेवामा पहुँच विस्तार,
2. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका, पछाडि पारिएका, सीमान्तकृत समुदायको सशक्तीकरण, सामाजिक सुरक्षा तथा समतामूलक, मौलिक हक र मानव अधिकार सुनिश्चित हुने समन्यायीक समावेशी विकास, सुरक्षित तथा लैङ्गिकमैत्री, हिंसामुक्त, विभेदरहित समाज निर्माण।

## आर्थिक विकास

1. सरकारी, निजी र सहकारी क्षेत्रको सहकार्यमा उत्पादन ,उत्पादकत्व वृद्धिर आर्थिक समृद्धि गर्न आर्थिक समृद्धिको सम्वाहकको रुपमा कृषि तथा पशु व्यवसायमा आधुनिकीकरण, स्थानीय स्रोत साधनको प्रयोग तथा भू उपयोगबाट नवप्रवर्द्धनमा आधारित उधमशिलतामार्फत दिगो रोजगारी प्रवर्द्धन,
2. धर्म, भाषा, भेषभूषा, कला, संस्कृति तथा सम्पदा संरक्षण, पर्यटन प्रवर्द्धन, साना तथा मझौला उद्योग विकास, उत्पादन, प्रशोधन, सीप विकास तथा रोजगारमूलक तालिम, स्थानीय उत्पादनको ब्रान्डिङ तथा बजारीकरण,

## पूर्वाधार विकास

1. दिगो विकास लक्ष्य (SDGs) तथा स्थानीय आवश्यकतामा आधारित रणनीतिक तथा दिगो र गुणस्तरिय विपद् प्रतिरोधी तथा वातावरणमैत्री, लैङ्गिकमैत्री, बालमैत्री, अपाङ्गतामैत्री र आर्थिक समृद्धिसंग जोडिएको पूर्वाधार निर्माण ,

2. शहरी पूर्वाधार तथा एकीकृत बस्ती विकासखानेपानी, विद्यालय, स्वास्थ्य संस्था तथा सार्वजनिक भवन, सरसफाइ तथा सिंचाइ पूर्वाधार विस्तार र सार्वजनिक सम्पत्तिको संरक्षण तथा मर्मत सम्भारसडक बत्ती, पार्क, हरियाली तथा सौन्दर्यीकरण

**वन, वातावरण तथा विपद् व्यवस्थापन**

1. वन तथा वातावरण संरक्षण, जलवायु परिवर्तन अनुकूलन, नदी, खोला, जलाधार, सीमसार तथा जैविक विविधताको संरक्षण, वृक्षारोपण तथा हरित क्षेत्र विस्तार।
2. फोहोरमैलाको वर्गिकरण, दिगो व्यवस्थापन तथा 4R (Reduce, Reuse, Recycle, Recover) प्रणाली कार्यान्वयन।
3. विपद् जोखिम न्यूनीकरण तथा पूर्व प्रतीकार्य तयारी आपत्कालीन सञ्चालन केन्द्र (EOC/MEOC) तथा विपद् प्रतिकार्य क्षमता विकास उद्धार, राहत, पुनःस्थापना तथा पुनर्निर्माण कार्यलाई सुदृढीकरण, सामुदायिक विपद् व्यवस्थापन तथा जनचेतना अभिवृद्धि।

**आगामी आ.व २०८३/८४ को बजेट तथा कार्यक्रमका मुख्य उद्धेश्यहरु देहायबमोजिम रहेका छनः**

**क. सुशासन तथा संस्थागत विकास**

1. संस्थागत क्षमता अभिवृद्धि गरी नतिजामुखी प्रशासन सञ्चालनमार्फत सार्वजनिक सेवा प्रवाहलाई सरल, छिटो, गुणस्तरीय र प्रविधिमैत्री डिजिटल सुशासन तथा अभिलेख व्यवस्थापन गरि पारदर्शी, जवाफदेही र प्रभावकारी स्थानीय शासन प्रणालीको विकास गर्ने।
2. नागरिक सहभागिता, सामाजिक उत्तरदायित्व र सार्वजनिक सुनुवाइ, सामाजिक तथा सार्वजनिक परिक्षणलाई सुदृढिकरण प्रणालीको विकास गर्ने।

**ख. सामाजिक विकास**

1. शिक्षित सभ्य सुरक्षित, स्वस्थ र सभ्य समाज निर्माणमा योगदान पुऱ्याउन शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ सेवाको पहुँच र गुणस्तर अभिवृद्धि गर्ने।
2. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका, हिंसा प्रभावित, अभिभावक बिहिन, द्वन्द पिडित व्यक्ति तथा सीमान्तकृत समुदायको सशक्तीकरण, सामाजिक समावेशीकरण तथा समान अवसर सुनिश्चित गर्ने।

**ग. आर्थिक विकास**

1. उत्पादनशील तथा नवप्रवर्द्धनमा आधारित उधमशिलता मार्फतसहकारी र निजी क्षेत्रसँगको सहकार्य प्रवर्द्धन गरि स्वरोजगारमूलक कार्यक्रम सञ्चालन, कृषि, पशुपालन, उद्योग, व्यवसाय तथा पर्यटन क्षेत्रको विकासमार्फत स्थानीय अर्थतन्त्र सुदृढिकरण र रोजगारी सिर्जना गर्ने।

2. स्थानीय उत्पादनको बजारीकरण ब्रान्डिङ, तथा मूल्य श्रृंखला विकास तथा विस्तार गरि गरिबी न्यूनीकरण तथा आयआर्जनका अवसर विस्तार गर्ने।

**घ. पूर्वाधार विकास**

1. दिगो, सुरक्षित र गुणस्तरीय भौतिक पूर्वाधार निर्माण तथा विस्तार गर्न सडक, पुल, भवन, सिंचाइ, खानेपानी तथा विद्युत् पूर्वाधारको पहुँच बढाउने।
2. आधुनिक प्रविधि तथा वातावरणमैत्री निर्माण अभ्यास अवलम्बन गरि व्यवस्थित शहरीकरण तथा भू-उपयोग व्यवस्थापनलाई प्रवर्द्धन गर्ने र सार्वजनिक सम्पत्तिको संरक्षण, मर्मत तथा व्यवस्थापनलाई प्रभावकारी बनाउने।

**ङ. वन, वातावरण तथा विपद् व्यवस्थापन**

1. जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशीलता (Resilience) अभिवृद्धि, वन, जैविक विविधता तथा प्राकृतिक स्रोतहरूको संरक्षण, दिगो उपयोग र वातावरणीय प्रदूषण न्यूनीकरण तथा हरित विकासलाई प्रवर्द्धन गर्ने।
2. विपद् जोखिम न्यूनीकरण, पूर्वतयारी,विपत प्रतिकार्य, उद्धार तथा पुनर्स्थापना प्रणाली सुदृढीकरण गर्ने। फोहोरमैला व्यवस्थापनमा 4R (Reduce, Reuse, Recycle, Recover) अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने।

**सम्मानित नगर सभाका सभाध्यक्षज्यू तथा सदस्यज्यूहरू,**
**अब म यहाँहरु समक्ष आर्थिक वर्ष २०८३/०८४ को अनुमानित आय र व्यय विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु।**

**आय तर्फः**

आगामी आर्थिक बर्षको लागी आन्तरिक श्रोतबाट रु. ५४ करोड, स्थानीय तह राजश्व बाँडफाँट मालपोत रजिष्टेशनवाट रु. २४ करोड, स्थानीय राजश्व बाँडफाँड दहत्तर बहत्तर विक्रि बाट रु. ४ करोड, विज्ञापन कर रु. १५ लाख, संघीय समानिकरण अनुदान रु. २८ करोड ७७ लाख, संघीय सशर्त अनुदान रु. ६७ करोड २३ लाख, संघीय समपुरक अनुदान रु. ६० लाख, संघीय विशेष अनुदान रु. ८८ लाख, संघीय राजश्व बाँडफाँड रु. २४ करोड ९ लाख ५७ हजार, प्रदेश समानिकरण अनुदान रु. १ करोड ९८ लाख ९८ हजार, प्रदेश सशर्त अनुदान रु. २ करोड २ लाख ५० हजार, प्रदेश समपुरक अनुदान रु. १ करोड ५० लाख, प्रदेश विशेष अनुदान रु. २० लाख, प्रदेश राजश्व बाँडफाड रु. २ करोड ४१ लाख ८६ हजार, सडक बोर्ड बाट रु. १ करोड, नगर विकास कोष बाट रु. २ करोड १० लाख र गत वर्षको बैंक मौज्दात अल्या. रु. ३० करोड गरि जम्माकुल आय रु. २ अर्ब ४४ करोड ९५ लाख ९१ हजार हुने अनुमान गरिएको छ ।

**व्यय तर्फः**

आगामी आर्थिक वर्षको लागी कार्यालय संचालन र प्रशासनिक खर्चमा रु. ४५ करोड ३ लाख २१ हजार ,विषयगत शाखा/महाशाखाहरुको योजना र कार्यक्रममा रु. १९ करोड ९५ लाख, वडा स्तरीय योजना तथा कार्यक्रममा रु. १९ करोड, नगर स्तरीय योजना तथा कार्यक्रममा रु. ४७ करोड ९४ लाख २० हजार, नगर स्तरिय गौरबको आयोजनामा रु. ९ करोड ५० लाख, बहुवर्षियतथा क्रमागत योजनाहरुको दायित्व रु.२८ करोड, संघीय सशर्त अनुदानयोजना तथा कार्यक्रममा रु. ६७ करोड२३ लाख, संघीय समपुरक योजनामा रु. ६० लाख, संघीय विशेषअनुदान योजनामा रु. ८८ लाख, प्रदेश सशर्त अनुदान योजना र कार्यक्रममा रु. २ करोड २ लाख ५० हजार, प्रदेश समपुरक अनुदानको योजनामा रु. १ करोड ५० लाख, प्रदेश विशेष अनुदानको योजनामा रु. २० लाख, सडक बोर्ड मार्फतका योजनामा रु. १ करोड र नगर विकास कोषको योजनामा रु. २ करोड १० लाख गरि जम्मा रु. २ अर्ब ४४ करोड ९५ लाख ९१ हजार बजेट विनियोजन गरिएकोछ ।

**यसरी कुल विनियोजित बजेटमा चालु खर्च तर्फ रु.१ अर्ब ३९ करोड ६० लाख २१ हजार अर्थात ५६%, पूँजीगत खर्च तर्फ रु. १ अर्ब १ करोड ३५ लाख ७० हजार अर्थात ४२.३५% र वित्तिय व्यवस्था तर्फ रु. ४ करोड अर्थात १.६५% बजेट रहने छ।**

**सम्मानित नगर सभाका सभाध्यक्षज्यू तथा सदस्यज्यूहरू,**

**अब म आगामी आ.व.मा सञ्चालन हुने प्रमुख आयोजना तथा कार्यक्रमहरुतर्फको बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहान्छुः**

१. शिक्षा क्षेत्र पूर्वाधार निर्माण गर्नका लागि रु ३ करोड रुपैया विनियोजन गरिएको छ।
२. स्वास्थ्य पूर्वाधार निर्माणका लागि रु १ करोड रुपैया विनियोजन गरिएको छ।
३. युवा नवप्रवर्तन तथा स्टार्टअप प्रवर्द्धन कार्यक्रम अन्तर्गत रु ५० लाख रुपैया विनियोजन गरिएको छ।
४. खानेपानी तथा सरसफाईका लागि रु १ करोड  रुपैया विनियोजन गरिएको छ।
५. स्मार्ट छोरी कार्यक्रमका लागि रु ५० लाख रुपैया विनियोजन गरिएको छ।
६. मुख्य बजारमा दुर्घटना न्यूनीकरण गर्न आकाशे पुल निर्माणका लागि रु ५० लाखरुपैया विनियोजन गरिएको छ।
७. ६०/४० लागत साझेदारीका आयोजनाहरुका लागि रु २ करोड रुपैया विनियोजन गरिएको छ।
८. तुलसीपुर १६ को औद्योगिक ग्राम पूर्वाधार निर्माणका लागि रु १ करोड रुपैया विनियोजन गरिएको छ।
९. तुलसीपुर बजारको शहरी शौन्दर्यताका लागि रु ५० लाख रुपैया विनियोजन गरिएको छ।
१०. आधारभूत तहसम्मको विद्यालयको न्युनतम विद्युत महशुल तथा न्युनतम खानेपानि महशुल र अधिकतम ५००० लिटरसम्म खानेपानी उपभोग गर्ने उपभोक्ताहरुको खानेपानी महशुलका लागि अनुदानस्वरुप रु २० लाख रुपैया विनियोजन गरिएको छ।
११. सडक मर्मत संभार स्तरोन्नती तथा Overlay गर्नका लागि सडक मर्मत संभार कोष अन्तर्गत रु २ करोड रुपैया विनियोजन गरिएको छ।
१२. गरिव तथा विपन्न वर्गका छात्र छात्राका लागि छात्रवृतिका लागि रु १ करोड रुपैया विनियोजन गरिएको छ।
१३. कृषि एम्बुलेन्सका लागि रु ६० लाख रुपैया विनियोजन गरिएको छ।
१४. पोखरी तथा ड्याम निर्माण संरक्षण गरि सिंचाइको विस्तारका लागि रु १ करोड ५० लाख रुपैया विनियोजन गरिएको छ।
१५. **नगरवासीको सम्मान, टोल वस्ती उज्यालो बनाउने हाम्रो अभियान** कार्यक्रमका लागि लागत साझेदारीमा रु ५० लाख रुपैया विनियोजन गरिएको छ।
१६. **विद्यालय करेसाबारीमा हाम्रो लगानी ताजा तरकारीमा स्वस्थ जिन्दगानी** कार्यक्रमका लागि रु २५ लाखरुपैया विनियोजन गरिएको छ।
१७. खेती योग्य जमित तथा बस्ती र संरचना संरक्षण गर्न तटबन्धन गर्ने आयोजनाका लागि रु २ करोड रुपैया विनियोजन गरिएको छ।
१८. भूमि ब्यवस्थापन कार्यक्रमका लागि रु  ५० लाख रुपैया विनियोजन गरिएको छ।
१९. मागमा आधारित बिभिन्न सिप विकास तालिम तर्फ रु २५ लाख रुपैया विनियोजन गरिएको छ।
२०. वृतचित्र प्रगति समिक्षा प्रकाशनका लागि रु १० लाख रुपैया विनियोजन गरिएको छ।
२१. उत्पादनमा आधारित अनुदान कार्यक्रमका लागि रु १ करोड रुपैया विनियोजन गरिएको छ।
२२. गरिव विपन्न दिर्घरोगीलाई निशुल्क उपचार कार्यक्रमका लागि रु ५० लाख रुपैया विनियोजन गरिएको छ।
२३. आधुनिक शवदाह/समाधिस्थल निर्माणका लागि रु १ करोड रुपैया विनियोजन गरिएको छ।

२४. अरनीको मैदान स्तरोन्नती रु १करोड  रुपैया विनियोजन गरिएको छ।
२५. निजि क्षेत्रको साझेदारीमा नगरबस संचालन तथा व्यवस्थापनका लागि रु १करोड रुपैया विनियोजन गरिएको छ।
२६. आयोजना तथा निर्माण कार्य गुणस्तर परिक्षण ल्याव स्थापना तथा व्यवस्थापनका लागि रु ६० लाखरुपैया विनियोजन गरिएको छ।
२७. विषादी परिक्षण ल्याव स्थापना तथा व्यवस्थापनका लागि रु ३५लाख रुपैया विनियोजन गरिएको छ।
२८. वन तथा वातावरण संरक्षणको लागि विज्ञान पार्क निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
२९. सडक नाला निर्माण तथा स्तरोन्नतीका लागि रु ५ करोड बजेट विनियोजन गरिएको छ ।
३०. सिचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार कार्यको लागि रु २ करोड रुपैया बजेट विनियोजन गरिएको छ ।
३१. भवन तथा अन्य पुर्वाधार निर्माण तथा स्तरोन्नति को लागि रु ३ करोड बजेट विनियोजन गरिएको छ ।
३२. अग्निदाहा प्रभावितका लागि सहायता स्वरुप रु १० लाख रुपैया विनियोजन गरिएको छ।
३३. हिंसा प्रभावित महिला, बालबालिका तथा व्यक्तिहरुलाई मनोपरामर्श सेवाका लागि रु २५ लाख रुपैया विनियोजन गरिएको छ।
३४. सबै प्रकारका अपाङ्गता, बौद्धिक अपांगता र अटिजम भएका बालबालिकाका तथा व्यक्तिका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।
३५. विधुत प्राधिकरणसंगको साझेदारीमा विधुत नपुगेका स्थानहरुमा विधुत पहुँच विस्तार, बजार क्षेत्रका खुला तारहरु विस्थापित गरि सम्भव भएका स्थानहरुमा भूमिगत (Under Ground) गर्नका लागि रु ५० लाख विनियोजन गरिएको छ।
३६. लागत साझेदारीमा राप्ति आँखा अस्पताल अपरेसन भवनमा लिफ्ट जडान, सेवा विस्तार तथा आवश्यक पूर्वाधार र कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।
३७. वडा कार्यालयका भवनहरु निर्माण, मर्मत, संभारका लागि रु रु १ करोड रुपैया विनियोजन गरिएको छ।
३८. स्वास्थ्य चौकीहरुका भवन निर्माण, मर्मत संभार र वर्थिङ सेन्टरका लागि रु १ करोड विनियोजन गरिएको छ।
३९. मेट्रो अस्पताल स्तरोन्नती तथा बिशेषज्ञ सहितको सेवा विस्तारका लागि  १ करोड विनियोजन गरिएको छ।
४०. चक्रपथ निर्माण सम्भाव्यता अध्ययन का लागि रु १० लाख विनियोजन गरिएको छ।
४१. कोल्डस्टोर निर्माण सम्भाव्यता अध्ययनका लागि रु ५० लाख बजेट विनियोजन गरिएको छ।
४२. बधशाला निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
४३. **जहाँ छहारी त्यहाँ चौतारी** अभियान अन्तर्गत चौतारी संरक्षण कार्यक्रमका लागि रु २० लाख विनियोजन गरिएको छ।
४४. स्वास्थ्यका लागि खेलकुद राष्ट्रका लागि खेलकुद अन्तर्गत युवा तथा खेलकुदका लागि १ करोड विनियोजन गरिएको छ।
४५. ह्ययूम पाइप, बिधुतिय पोल विस्तारका लागि रु २५ लाख बजेट विनियोजन गरिएको छ ।
४६. दुर्घटनामा आमा बुवा दुवै गुमाएका असहाय बालबालिकालाई सहायताका लागि रु ५ लाख विनियोजन गरिएको छ ।

४७. **माटोको स्वच्छता कम्पोष्ट मल उत्पादनमा प्रतिबद्दता अभियानका** लागि हल गोरु र राँगा पाल्ने किसानका लागि ५ हजारका दरले अनुदान उपलब्ध गराउन रु १० लाख विनियोजन गरिएको छ।

४८. **स्थानीय उत्पादनमा प्रोत्साहन स्वस्थ आमा र बच्चाका लागि योगदान** अन्तर्गत प्रोटोकल अनुसार स्वास्थ्य चौकीमा गर्भवती जाँच गराउन आउँदा प्रत्येक पटक एक क्यारेट अण्डा वितरणका लागि रु ८५ लाख विनियोजन गरिएको छ ।

४९. सामाजिक सुरक्षा भत्ता नविकरणलाई सरल, सहज र छिटो छरितो बनाउन **आइरिस उपकरण ( Iris Device)** १९ वटै वडामा वितरण गर्न रु १९ लाख विनियोजन गरिएको छ ।

५०. साझेदारीमा बिधालयमा प्रविधिमैत्री कक्षा संचालनका लागि रु १० लाख विनियोजन गरिएको छ ।

५१. **एस.ई.ई परिक्षामा** शतप्रतिशत नतिजा ल्याउने विद्यालयलाइ प्रोत्साहनका लागी आवश्यक बजेट विनियोजन गरिएको छ।

५२. थारु लगायत बिभिन्न जातजाती, भाषाभाषी तथा धर्म, संस्कृति, परम्परा संरक्षण तथा प्रवर्द्धन गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

५३. आधुनिक दमकल खरिदको लागि रु  १ करोड विनियोजन गरिएको छ।

५४. फोहोरमैला व्यवस्थापनका लागि आधुनिक कम्प्याक्टर व्यवस्थापनको लागि रु १ करोड विनियोजन गरिएको छ।

५५. तुलसीपुर मेट्रो कलेज/बहुप्राविधिक शिक्षालयको लागि आवश्यक विद्युतिय भ्यान खरिदको लागी रु ५० लाख रुपैया बजेट विनियोजन गरिएको छ।

५६. वन पैदावारमा आधारित उद्यम विकासका लागि रु १० लाख विनियोजन गरिएको छ।

५७. सञ्चारकर्मीको क्षमता विकास तथा समग्र सञ्चार क्षेत्रको विकास प्रोत्साहनका लागि आवश्यक बजेट व्यवस्था गरिएको छ।

५८. विद्यालय, स्वास्थ्य संस्था, धार्मिक तथा पर्यटकीय क्षेत्र जोड्ने सडक निर्माण तथा स्तरोन्नति गरी नगरभित्र तथा नगरको सडक संजालसंग जोडिएका सिमानाका धार्मिक तथा पर्यटकीय क्षेत्रहरुमा बाह्रै महिना सडक संचालन गर्नका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

५९. सार्वजनिक शौचालय, यात्रु प्रतिक्षालय, डिजिटल नोटिस वोर्ड निर्माण र बजार क्षेत्रका सार्वजनिक स्थलमा शुद्द पिउने पानीको व्यवस्थाकालागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

६०. सार्वजनिक सम्पत्ति तथा संरचनाको डिजिटल अभिलेख तयार गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

६१. विद्यालय स्वास्थ्य प्रवर्धन कार्यक्रम तथा बालमैत्री विद्यालय शिक्षा कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

६२. **सुरक्षित नागरिक आवास कार्यक्रमका** लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

६३. **"बचाऔ मुहान, जोगाउ जिवन"** अभियान अन्तर्गत पानीमा मुहान तथा स्रोत जोगाउनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

६४. बिधालयको शैक्षिक गुणस्तर सुधार तथा शिक्षकहरुको क्षमता अभिवृद्धिका लागि विज्ञ सुपरिवेक्षकको व्यवस्था गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

६५. तुलसीपुर मानव सेवा आश्रम भवन निर्माणका लागि रु ५० लाख विनियोजन गरिएको छ।

६६. सबै वडाहरुबाट माग भइ आएका साना ठुला योजना/आयोजना तथा कार्यक्रमहरुका लागि आवश्यकता र प्राथमिकताका आधारमा आवश्यक बजेट विनियोजन गरिएको छ ।

६७. उधोग वाणिज्य संघ, साना उधोग तथा घरेलु महासंघ तथा चेम्वर अफ कमर्स लगायतका निजि क्षेत्रको साझेदारीमा कार्यक्रमहरु गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

६८. सार्वजनिक निजि साझेदारी ( PPP) मोडलमार्फत फोहोरको दिगो व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

६९. ई-पुस्तकालय संचालन तथा व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

७०. तुलसीपुर उपमहानगरपालिका क्षेत्रभित्रका ऐतिहासिक, धार्मिक तथा पर्यटकिय क्षेत्रको पहिचान, निर्माण, संरक्षण, मर्मत, सम्भार तथा आवश्यक पूर्वाधारका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

७१. बहुबर्षिय तथा गौरवका आयोजनाहरु क्रमागत रुपमा निरन्तरताका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

७२. राप्ती प्रादेशिक अस्पतालमा आई.सि.यु. सेवा संचालन तथा व्यवस्थापन गर्न सहकार्य र समन्वयको लागि आवश्यक बजेट व्यवस्थापन गर्न पहल गरिनेछ ।

**सम्मानित नगर सभाका सभाध्यक्षज्यू तथा सदस्यज्यूहरू,**

**अब म क्षेत्रगत आयोजना तथा कार्यक्रम तर्फको बजेट प्रस्तुत गर्ने अनुमती चाहान्छु ।**

## सामाजिक विकासः

### स्वास्थ्य तथा पोषणः

1. अत्यावश्यक निःशूल्क औषधी कार्यक्रमका लागि १५ लाख विनियोजन गरिएको छ ।
2. समुदायमा जनस्वास्थ्य प्रवर्द्धन कार्यक्रमका लागि १० लाख बजेट विनियोजन गरिएको छ ।
3. गर्भवति आमाहरुका लागि क्यालसियम खरिदका लागि २० लाख बजेट विनियोजन गरिएको छ ।
4. शून्य होम डेलिभरीका लागी निशूल्क एम्वुलेन्स सेवाका लागि १५ लाख विनियोजन गरिएको छ ।
5. आमा समुहका लागि पोषण पहुच कार्यक्रमका लागि आवश्यक बजेटको विनियोजन गरिएको छ ।
6. मेयर स्वस्थ मुटु अभियान तथा नागरिक आरोग्य प्रवर्द्धन कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन लगायत स्वास्थ्य तथा पोषण तर्फ ४ करोड विनियोजन गरिएको छ ।

### शिक्षा, यूवा तथा खेलकुदः

१. तुलसीपुर उपमहानगरपालिका भित्रका सार्बजनिक विद्यालयको पुर्वाधार निर्माण र सुधारको लागी आवश्यक बजेट विनियोजन गरिएको छ ।

२. सम्पुर्ण सामुदायिक विद्यालयमा एक विद्यालय एक कम्प्युटर कार्यक्रम संचालनको लागी रु १५ लाख बजेट विनियोजन गरिएको छ ।

३. नगर भित्र अनौपचारीक शिक्षा बाट बन्चित भएको व्यक्तिहरुको लागी अनौपचारिक शिक्षा कार्यक्रम सञ्चालन गर्न रु. ३ लाख विनियोजन गरिएको छ ।

४. नगर स्तरीय आधारभुत तहको परीक्षा सञ्चालन तथा परीक्षाफल विश्लेषण गरि गुणस्तर अभिबृद्धी गर्नको लागी रु.५ लाख बजेट विनियोजन गरिएको छ ।

५. युवा प्रतिभा पहिचान तथा उद्यमशिलता सम्बन्धी प्रस्तावना लेखन कार्यक्रम संचालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

६. तुलसीपुर शैक्षिक सम्मेलन आयोजना गरि शैक्षिक क्षेत्रमा नयाँ आयाम ल्याउन रु.५ लाख बजेट विनियोजन गरिएको छ ।

७. नगरमा नमुना बाल विकास निर्माण तथा बाल विकास शिक्षक क्षमता अभिवृद्धी मार्फत बालविकास नमुना बनाउनको लागी रु.२० लाख बजेट विनियोजन गरिएको छ ।

८. शिक्षा क्षेत्रमा STEAM परियोजना तथा विज्ञान सामग्री प्रदर्शनी कार्यक्रमको लागी आवश्यक बजेट गरिएको छ ।

९. विद्यालयमा अध्ययनरत विद्यार्थीको लागी उत्प्रेरणा दिन र लेखन सिप विकास गरी अक्षर सुधार कार्यक्रमको लागी रु. ५ लाख बजेट व्यवस्था गरिएको छ।

१० सामुदायिक विद्यालयमा अध्यापनरत शिक्षकहरुको लागी लागत साझेदारीमा क्षमता विकास तालिम सञ्चालन गर्नको लागी रु.८ लाख बजेट व्यवस्था गरिएको छ।

११ स्थानीय पाठ्यपुस्तक अद्यावधिक गर्नको लागी रु. ५ लाख लगायत शिक्षा युवा तथा खेलकुद क्षेत्रका लागी रु. ६ करोड विनियोजन गरिएको छ ।

**लैंगिक समानता तथा सामाजिक समावेशिकरणः**

१.तुलसीपुर उपमहानगरपालिका भित्रका घरवार विहिन र अलपत्र परेका महिलाहरुको लागी उपमेयर अल्पकालिन महिला सुरक्षा आवास गृह सञ्चालन तथा व्यवस्थापनको लागी रु.९ लाख बजेट विनियोजन गरिएको छ ।

२. शारिरिक अपाङ्गता भएका व्यक्तिहरुका लागि सञ्चालनमा रहेको निशुल्क फिजियोथेरापी सेवा संचालन तथा व्यवस्थापनको लागी आवश्यक बजेट विनियोजन गरिएको छ ।

३. आर्थिक रुपमा विपन्न ज्येष्ठ नागरिकहरुको सम्मान स्वरुप मेयरकोशेली कार्यक्रम र ज्येष्ठ नागरिक दिवा सेवाकेन्द्र सञ्चालनको लागी रु. ५ लाख बजेट विनियोजन गरिएको छ।

४. दलित समुदायको परम्परागत पेशा प्रवर्द्धन कार्यक्रम संचालनको लागी आवश्यक व्यवस्था गरिएको छ।

५. सार्वजनिक स्थानहरुमा अपांगता भएका व्यक्तिहरुका साथै अन्य लक्षित वर्गहरुका लागि सन्देशमूलक सूचना प्रशारण सम्बन्धी कार्यक्रम संचालनको लागी आवश्यक बजेट विनियोजन गरिएको छ।

६. बालमैत्री स्थानीय तह घोषणाको लागी बालमैत्री सूचकमा नगरको अवस्था विश्लेषणका लागि Secondary Level को तथ्याङ्क संकलन,स्थिति पत्र निर्माण र प्रकाशन, बालमैत्री घोषणा पश्चातका लागि रणनीतिक योजना निर्माणको लागी रु.२ लाख विनियोजन गरिएको छ ।

लगायत महिला बालबालिका तथा सामाजिक विकास तर्फ रु. ७५ लाख बजेट व्यवस्था गरिएको छ।

## सामाजिक सुरक्षा तथा पञ्जिकरण

1. पञ्जिकरण तथा सामाजिक सुरक्षा सञ्चालन गर्ने प्राविधिक तथा वडा सचिवहरुको लागि पूनर्ताजकी कार्यक्रमका लागि आवश्यक बजेटको विनियोजन गरिएको छ ।
2. पञ्जिकरण तथा सामाजिक सुरक्षा सहजीकरण सम्बन्धी समन्वयत्मक कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
3. सामाजिक सुरक्षा तथा पञ्जिकरण सबलीकरणका लागि वडाका टोल तथा बस्तीहरुमा अन्तर्क्रिया कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

लगायत सामाजिक सुरक्षा तथा पञ्जिकरण तर्फ रु १० लाख विनियोजन गरिएको छ ।

## आर्थिक विकासः

## कृषि विकास सेवाः

1. घरबारी वगैचा कार्यक्रमका लागि ८ लाख विनियोजन गरिएको छ ।
2. खाद्यन्न तथा तेलहनवालीको उन्नत वीउ वितरणको लागि रु १२ लाख विनियोजन गरिएको छ ।
3. चैते धान प्रवर्द्धन कार्यक्रमका लागि आवश्यक बजेटकोविनियोजन गरिएको छ ।
4. प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रमका लागि रु २० लाख विनियोजन गरिएको छ ।
5. साना कृषि यन्त्र उपकरण सहयोग कार्यक्रमका लागि रु २५ लाख विनियोजन गरिएको छ ।
6. कष्टम हायरिङ्ग सेन्टर स्थापनाका लागि रु ३० लाख विनियोजन गरिएको छ ।
7. मागमा आधारित कार्यक्रमका लागि रु २० लाख विनियोजन गरिएको छ ।
8. आकस्मिक वालि संरक्षण सहयोग कार्यक्रमका लागि रु ८ लाख विनियोजन गरिएको छ ।
9. ५० प्रतिशत अनुदानमा प्लाष्टिक टनेल, प्लाष्टिक मल्चिङ्गका लागि रु २० लाख विनियोजन गरिएको छ ।
10. फलफूल वगैचा स्थापना तथा क्षेत्र विस्तार कार्यक्रमका लागि रु १० लाख विनियोजन गरिएको छ
11. पोष्ट हार्भेष्ट क्षति न्यूनिकरण सहयोग कार्यक्रमका लागि रु १० लाख विनियोजन गरिएको छ ।
12. कृषि विमा कार्यक्रमको लागि रु १२ लाख विनियोजन गरिएको छ ।
13. कृषि POP UP शहरी हाट तथा हाट बजार सुदृढिकरण कार्यक्रम तथा सहयोग कार्यक्रमका लागि रु २० लाख विनियोजन गरिएको छ ।
14. सिंचाइ सहित कृषि विकास कार्यक्रमका लागि ३० लाख विनियोजन गरिएको छ ।
15. गड्यौला मल उत्पादन प्रवर्द्धन कार्यक्रमका लागि १० लाख विनियोजन गरिएको छ ।
16. करार खेती कार्यक्रम( भूमिहिन, मुक्तकम्लहरी, द्वन्द प्रभावित, दलित, अपाङ्ग लक्षित) का लागि रु ७ लाख विनियोजन गरिएको छ ।
17. कौसी खेती कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

लगायत कृषि तर्फ रु ३ करोड विनियोजन गरिएको छ ।

## पशु विकास सेवा

१. पशु विकासमा डिस्पेन्सरी सेवा प्रवाहको लागी आवस्यक पर्ने सम्पुर्ण औषधी तथा उपचार सामाग्री खरिद गर्न रु.२० लाख बजेट विनियोजन गरिएको छ ।

२. किसान संग Coffee Meet of farmers with their Vets and Paravets कार्यक्रम संचालन गर्नको लागी आवश्यक बजेट विनियोजन गरिएको छ ।

३. सुत्केरी पशुहरुको पोषण सुधार गर्न पोषण किट बितरण कार्यक्रम को लागी रु. ३० लाख बजेट व्यवस्था गरिएको छ ।

४. पशुपन्छीहरुमा हुने संक्रामक रोगहरु बिरुद्ध नि:शुल्क खोप तथा रेबिज रोग नियन्त्रणका लागी बर्षभरी नै नि:शुल्क रेबिज रोग बिरुद्धको खोप कार्यक्रम उपलव्ध गराउने कार्यक्रम सन्चालनको लागी रु. १० लाख बजेट विनियोजन गरिएको छ ।

५. किसानहरुलाइ ५०% अनुदानमा बर्सिम तथा जै घाँस बितरण कार्यक्रमको लागी रु. ४ लाख विनियोजन गरिएको छ ।

६. व्यवसायिक कृषकहरुलाई लागत साझेदारीमा यान्त्रिक उपकरण वितरण कार्यक्रम संचालनको लागि रु. ५ लाख विनियोजन गरिएको छ ।

७. Cow Lifting Machine खरिदको लागी आवश्यक पर्ने बजेट विनियोजन गरिएको छ ।

पशु विकास सेवा क्षेत्रका लागी रु. २ करोड बजेट छुट्याइएको छ ।

### उद्योग तथा व्यवसाय प्रवर्द्धन

1. उद्यमि पहिचान, उद्योग दर्ता तथा व्यवसाय प्रवर्दन अभिमुखीकरण कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
2. स्थानीय कच्चा पदार्थमा आधारित व्यावसायिक तथा उद्यमशीलता सम्बन्धी सीप विकास तालिमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
3. लघु घरेलु तथा साना उद्योगीहरुका लागि प्रविधि तथा ओजार हस्तान्तरण (५०% अनुदान) का लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

लगायत उद्योग तथा व्यवसाय प्रवर्द्धन तर्फ रु १० लाख बजेट विनियोजन गरिएको छ ।

### उपभोक्ता हित संरक्षणः

1. खाद्य वस्तुको अनुगमन नियमन तथा मूल्याङ्कनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
2. बजार अनुगमन र बैठक व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
3. पार्किङ/फुटपाथ व्यवस्थापन (ट्राफिक चिन्ह सम्बन्धी बोर्ड लगायत अन्य सामाग्रीहरु) खरिद तथा मर्मत एवं सचेतना कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

4. अटो व्यवसायीहरु मध्येबाट उत्कृष्ट दुई जना पुरुष र महिलालाई पुरस्कृत गर्ने कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

लगायत उपभोक्ता हित संरक्षण तर्फ रु १५ लाख बजेट विनियोजन गरिएको छ ।

**राजश्व परिचालनः**

1. SUTRA REVENUE तालिम तथा डाटा हस्तान्तरणका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
2. कर सचेतना सम्बन्धी कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
3. घर बहाल कर र व्यवसाय दर्ता तथा नविकरणका लागि फिल्ड अनुगमन लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
4. वडा सचिव तथा राजस्व संकलन कर्तालाई क्षमता विकास तालिम संचालनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

लगायत राजस्व परिचालन तर्फ २५ लाख रुपैया बजेट विनियोजन गरिएको छ ।

**पर्यटन तथा संस्कृति प्रवर्द्धन**

1. नगरस्तरीय जातीय नाच संरक्षण तथा संवर्द्धनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
2. १९ वडाका पर्यटकीय क्षेत्रको विस्तृत तथ्याङ्क संकलन तथा क्यु आर निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
3. बोर भए २० मिनेट मिनि भिडियो निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
4. परम्परागत लोकबाजा संरक्षण तथा संवर्द्धनका लागि आवश्यक बजेट लगायत १० लाख विनियोजन गरिएको छ ।

**सहकारी तथा रोजगार प्रवर्द्धन**

1. सहकारीलाई बजारीकरणका लागि आवश्यक तालिम एवं प्रचार प्रसार तथा अवलोकन भ्रमणका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
2. PEARLS तथा MCI, सम्पत्ति सुद्धिकरण, लेखापरिक्षण, बजेट निर्धारण तथा रणनीतिक योजना निर्माण गोष्ठी र तालिम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
3. COPOMIS, प्रविधिमैत्री लेखा प्रणाली, सहकारी व्यवस्थापन, उद्यमशीलता तथा स्वरोजगार तालिम आयोजनाका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
4. प्रविधिमैत्री सहकारीहरुको निर्माण गरी प्रोत्साहन र निष्कृय सहकारी खारेजी एवं समस्याग्रस्त सहकारी संस्थाको व्यवस्थापनको लागि आवश्यक बजेट लगायत १० लाख विनियोजन गरिएको छ ।

**रोजगार सेवा केन्द्र**

१. उत्पादन र उद्यमशिलता मार्फत रोजगारी सिर्जना तथा न्यूनतम रोजगारी प्रत्याभूती सिप विकास उद्यमशिलता प्रवर्द्धन र पुन एकीकरण सम्वन्धी क्रियाकलाप सञ्चालन(स्थानीय तहको शतप्रतिशत साझेदारी) का लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

२. सीपमूलक तालिम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

## वन वातावरण तथा विपद् व्यवस्थापनः

### वन वातावरण तथा हरियाली

1. तुलसीपुर उपमहानगरपालिका बजार क्षेत्रको ग्रिन बेल्टलाई मर्मत सम्भार र रंगरोगन साथै वृक्षारोपन कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
2. वन सम्बन्धी उद्यमशिलता, वास गाउ कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
3. हरियाली पार्क, खुला क्षेत्र, ताल तलैया, पोखरी र सिमसार क्षेत्रको संरक्षण कार्यक्रमको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

लगायत वन वातावरण तथा हरियाली तर्फ रु १० लाख बजेट विनियोजन गरिएको छ ।

### वातावरण तथा विपद् व्यवस्थापन

1. सम्पत्ति विमा तथा सचेतना सम्बन्धी अभियान कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
2. आगलागी न्यूनिकरण लागि नीजि क्षेत्र, सामुदायिक वनहरुको सहकार्यमा सचेतनामूलक कार्यक्रम संचालन/ नमुना घटना अभ्यासको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
3. अत्यावश्यक खोज तथा उद्धार सामग्री र बारुणयन्त्र (दमकल) का उपकरण खरिद एवं मर्मत संभार व्यवस्थापनका लागि रु १० लाख बजेट विनियोजन गरिएको छ ।
4. विपद् व्यवस्थापन (प्रकोप) कोषमा जम्मा गर्न रु ५० लाख रुपैया बजेट व्यवस्था गरिएको छ।
5. वाढी, पहिरो, नदि कटान तथा भु-क्षय नियन्त्रणका साथै आवश्यक तारजालीको व्यवस्थापन १५ लाख बजेट विनियोजन गरिएको छ ।
6. विपन्न तथा जोखिममा परेका घरपरिवारलाई सुरक्षित आवासका लागि सहयोगका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
7. आकस्मिक रुपमा प्रकोपबाट हुने पूर्वाधारको क्षतिको पुनः निर्माण तथा हुन सक्ने थप क्षतिको न्यूनिकरणको लागि आवश्यक योजनाहरुमा सहयोगका लागि रु ८ लाख विनियोजन गरिएको छ ।

लगायत विपद् व्यवस्थापन तर्फ रु १ करोड बजेट विनियोजन गरिएको छ ।

## खानेपानी, सरसफाई तथा फोहोरमैला व्यवस्थापन

1. वजार क्षेत्रको फोहर व्यवस्थापनको लागि आवश्यक कन्टेनरको व्यवस्थाका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

2. खानेपानी तथा सरसरफाई उपभोक्ता समिति/संस्थावाट वितरण भएको खानेपानीको शुद्दता सम्वन्धी परीक्षणको लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
3. अस्थायी ल्याण्डफिल साइड वरपरका वासिन्दाहरुको लागि स्वास्थ्य शिक्षा/स्वास्थ्य शिविर संचालनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
4. नगरको सन्दौर्यताको लागि फूलको विरुवा खरिद तथा ग्रिनवेल्ट र सडक किनारामा लगाएका विरुवाको कटान छटानका लागि आवश्यक बजेटलगायत खानेपानी सरसफाई तथा फोहोरमैला व्यवस्थापन तर्फ ७५ लाख विनियोजन गरिएको छ ।

## संस्थागत विकास तथा सुशासनः

### प्रशासन तथा जनशक्ति विकासः

१. सार्वजनिक सेवा प्रवाहलाई चुस्त दुरुस्त बनाउन कार्यालय अटोमेसन र प्रविधि विकासको लागि नवप्रवर्तन शैलीको अध्ययन अनुसन्धान गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।
२. कार्यक्षमता वढाई सेवा प्रवाह र सुशासन प्रवर्द्धन गर्न कर्मचारी र जनप्रतिनिधिको क्षमता विकास गर्न रु १० लाख बजेट विनियोजन गरिएको छ।
३. कर्मचारीको मनोवल उच्च राखि कार्यसम्पादनप्रति उत्पेरित गर्न उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई पुरस्कृत गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।
४. अन्तर पालिका र विभिन्न निकायहरुसँग सहकार्य अन्तरक्रिया तथा समग्र कार्यक्रमको अनुगमन समन्वय, संचालन र परिचालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।
५. सामाजिक लेखा परिक्षण, तेश्रो पक्षको मूल्यांकन र स्थानीय तह कार्य सम्पादन मूल्यांकन, चौमासिक र वार्षिक समिक्षा, सार्वजनिक सुनुवाई लगायतका सेवा प्रवाहका औजारलाई कार्यान्वयनमा ल्याउन आवश्यक बजेट विनियोजन गरिएको छ।
६. सुशासन प्रवर्धन तथा भ्रष्टाचार न्यूनीकरण सम्वन्धी पञ्चवर्षिय कार्ययोजना निर्माण गर्न आवश्यक वजेट विनियोजन गरिएको छ।

**भूमि व्यवस्था तथा नाप नक्सा**

1. भूउपयोग योजनाको आधारपत्र तथा भूउपयोग योजना तयारका लागि १५ लाख विनियोजन गरिएको छ ।
2. भूमि सम्बन्धी लगत संकलनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
3. सुकुम्बासी तथा अव्यवस्थित बसोबासीको अभिलेख व्यवस्थापनका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
4. जग्गाधनी स्रेस्ता र प्रमाणपुर्जा अध्यावधिक अभिमुखीकरणका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।
5. भूमि नापजाँच तथा व्यवस्थापन खर्चका लागि ४० लाख विनियोजन गरिएको छ ।
6. बाटोको लगत कट्टाका लागि १० लाख विनियोजन गरिएको छ ।
7. भूमि व्यवस्थापन सेवा प्रवाहका लागि पूर्वाधार निर्माणका लागि १५ लाख विनियोजन गरिएको छ ।

लगायत भूमि व्यवस्था तथा नाप नक्सा तर्फ १ करोड बजेट विनियोजन गरिएको छ ।

## शान्ति तथा सुव्यवस्थाः

1. नगर प्रहरी ब्यवस्थापन तथा परिचालनगर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

## वित्तीय सुशासन तथा आर्थिक प्रशासन

१. तुलसीपुर उपमहानगरपालिकालको समग्र वित्तीय सुशासन सुधारका लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

२. २०७४ साल भन्दा अगाडी नियुक्त भएका अस्थायी तथा करार कर्मचारीलाई निश्चित मापदण्ड बनाई स्वेच्छिक अवकाश योजना कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ ।

३. तुलसीपुर उपमहानगरपालिकाका योजना तथा कार्यक्रमको आर्थिक कारोवारहरुलाई पूर्णरुपमा डिजिटलाइज्ड वनाउन आवश्यक वजेट विनियोजन गरिएको छ ।

४. नगरपालिकामा कार्यरत सबै किसिमका स्थायी, अस्थायी र स्वीकृत दरवन्दी भित्र रहेका करार कर्मचारीको लागि नेपाल सरकार र प्रदेश सरकारले निर्धारण गरे बमोजिमको तलबभत्ता उपलब्ध गराउने व्यवस्था मिलाइएको छ ।

५. नगरपालिकाको कार्यालयबाट तलबभत्ता भुक्तानी हुने नगरपालिका तथा वडा कार्यालयमा कार्यरत स्वीकृत दरबन्दी बाहेकका करार तथा दैनिक ज्यालादारीमा रहेका कर्मचारीको खाईपाई आएको तलबमा १० प्रतिशतले वृद्धी गरिएको छ ।

६. नगरपालिकाबाट तलबभत्ता भुक्तानी हुने स्वास्थ्य चौकी, नगर स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाईमा कार्यरत अस्थायी, करार तथा दैनिक ज्यालादारी कर्मचारीको खाईपाई आएको तलबमा १० प्रतिशतले वृद्धी गरिएको छ ।

७. नगरपालिकाबाट तलबभत्ता भुक्तानी हुने बालविकास सहजकर्ता, विद्यालयका लेखापाल, विद्यालयका कार्यालय सहयोगीको खाईपाई आएको तलबमा १० प्रतिशतले वृद्धी गरिएको छ ।

८. नगरपालिकाबाट तलबभत्ता पाउने सबै किसिमका कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्नको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

### यान्त्रिक व्यवस्थापनः

१. विकास निर्माणमा प्रयोग हुने यान्त्रिक साधनहरूको चुस्त व्यवस्थापन गरी आवश्यक विकास निर्माणका काममा यन्त्रको पहुँच पुर्याउने कार्यलाई निरन्तरता दिन आवश्यक बजेट विनियोजन गरिएको छ।

## कानूनी मामिला तथा न्यायिक समिति

१. तुलसीपुर उपमहानगरपालिकाको न्यायिक समितिको न्याय सम्पादनलाई छिटो, छरितो, सरल र प्रभावकारी वनाउन मेलमिलापकर्ताको व्यवस्थाका लागि आवश्यक बजेट विनियोजन गरिएको छ ।

२. वडासँग समन्वय गरी वडा मेलमिलाप केन्द्र गठन, म्याद तामेलदारको क्षमता अभिवृद्धि लगायतका लागि रु २० लाख बजेट विनियोजन गरिएको छ ।

## योजना बजेट तथा मूल्याङ्कन

१. जनप्रतिनिधि, उपभोक्ता समितिका पदाधिकारी र निर्माण व्यवसायीलाई अभिमुखीकरण लगायतका कार्यक्रमको लागि रु १० लाख बजेट विनियोजन गरिएको छ।

## आन्तरिक व्यवस्थापन तथा खरीद

१. जेन-जी आन्दोलनवाट क्षति भएको नगर कार्यपालिका कार्यालयको सामग्री खरिद तथा व्यवस्थापनका गरी सेवाग्राही मैत्री वनाउन लागि आवश्यक बजेट विनियोजन गरिएको छ।

२. कर्मचारी तथा जनप्रतिनिधिको सामुहिक तथा म्यादी विमा कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्थापन गरिएको छ।

## नगर स्तरीय गौरवका आयोजनाहरु

1. वडा नं १ घिमिरे चोक देखि कुमालगाउँ हुँदै मिलनचोक सम्म जाने अधुरो कालोपत्रे निर्माण
2. वडा नं २ बालापुर देखि कुईरेपानी चोक बाटो कालोपत्रे
3. वडा नं ६ राप्ती बबई क्याम्पस अरनिको टोल,पशुपति टोल हुँदै यातायात कार्यालय जाने सडक कालोपत्रे
4. वडा नं ८ वडा कार्यालय देखि मनकामना टोलको रिङरोड हुँदै नवदुर्गा ग्रिन पार्कजाने बाटो कालोपत्रे निर्माण
5. वडा नं १० ससीराम खत्रीको घर हुँदै गौरीगाउँ जोड्ने सडक स्तरोन्नती
6. वडा नं १२ टरिगैं हुँदै हरिपौरा बाँसवोट वेलन्ने बाह्रविघा कचिली कचिला सितलपुर सडक निर्माण
7. वडा नं १३ नौखाना देखि मन्नामे जोड्ने सडक स्तरोन्नती तथा कालोपत्रे
8. वडा नं १७ बनकट्टी भुत्ता तालमा लिफ्ट सिचाई योजना
9. वडा नं १९ प्रादेशिक आयुर्वेद विजौरीमा ब्याडमिन्टन कोर्ट निर्माण

लगायत १९ वटा वडामा ९ करोड ५० लाखको बजेट विनियोजन गरिएको छ ।

## वडास्तरिय बजेट तथा कार्यक्रम

1. वडा नं १ पशुपति लालीगुराँस र मिलन टोलमा जीर्ण रहेको तथा अधुरो कालोपत्रे मर्मत तथा निर्माणका लागि रु २० लाख सहित १ करोड बजेट विनियोजन गरिएको छ ।
2. वडा नं २ जनजागृति टोल र सुनौलो बिहानी टोलमा नाला निर्माणका लागि रु १० लाख सहित १ करोड बजेट विनियोजन गरिएको छ ।
3. वडा नं ६ तेस्रो अन्तर वडा स्तरिय रनिङ फुटबल १२ लाख प्रतियोगिता सञ्चालनसहित रु १ करोड बजेट विनियोजन गरिएको छ ।
4. वडा नं ८ धान काट्ने मेसिन खरिद तथा वितरण लागत सहभागितामा साझेदारी कार्यक्रमका लागि रु ५लाख ७५ हजार सहित रु १ करोड बजेट विनियोजन गरिएको छ ।
5. वडा नं ९ गौरीशंकर टोलको शिवमन्दिरदेखि पश्चिम दक्षिण सशस्त्र प्रहरी बेश जोड्ने बाटोमा पक्की नाला तथा ग्रावेलका लागि ६ लाख सहित रु १ करोड बजेट विनियोजन गरिएको छ ।

6. वडा नं १० गोलौरी चौधरी ठुलो गाउँमा पक्की नाला निर्माणका लागि रु ७ लाख सहित रु १ करोड बजेट विनियोजन गरिएको छ ।
7. वडा नं ११ 'सबै पोल, उज्यालो टोल' अभियानः सडक बत्ती जडान लागत साझेदारी कार्यक्रमका लागि रु ६ लाख सहित रु १ करोड बजेट विनियोजन गरिएको छ ।
8. वडा नं १२ उरहरी चोक देखि पूर्व कचिला राजु गौतमको घरनेरको कुलोमा कल्भर्ट निर्माणको लागि रु ५ लाख ५० हजार सहित रु १ करोड बजेट विनियोजन गरिएको छ ।
9. वडा नं १३ बराहखुट्टी देखि पनालीबोट सडक स्तरोन्नतिका लागि रु १० लाख सहित रु १ करोड बजेट विनियोजन गरिएको छ ।
10. वडा नं १७ बनकट्टा गाउँको विभिन्न टोलको सडक स्तरोन्नतीका लागि रु ६ लाख सहित रु १ करोड बजेट विनियोजन गरिएको छ ।
11. वडा नं १९ हाडिमे गुरुवाटोल कल्भर्ट निर्माणको रु ५ लाख सहित रु १ करोड बजेट विनियोजन गरिएको छ ।

लगायत वडा नं १ देखि १९ वटै वडाहरुमा रु १ करोडका दरले जम्मा १९ करोड बजेट विनियोजन गरिएको छ ।

**सम्मानित नगर सभाका सभाध्यक्षज्यू, तथा सदस्यज्यूहरू,**

**अब म संघीय सरकार र प्रदेश सरकार बाट हस्तान्तरित आयोजना तथा कार्यक्रमहरुको बजेट प्रस्तुत गर्ने अनुमति चाहान्छु ।**

**क. संघीय सरकार हस्तान्तरित अनुदान बाट संचालन हुने कार्यक्रम तथा योजनाहरु**

१. संघीय सरकार सशर्त अनुदान चालु बाट शिक्षा तर्फ सबैका लागी शिक्षा आधारभुत तह शिक्षकको तलव, माध्यामिक तहको शिक्षक तलव र विद्यालय शिक्षा क्षेत्र योजनाको लागी ५४ करोड ७९ लाख बजेट विनियोजन गरिएको छ ।

२. सशर्त प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम केन्द्रको साझेदारीमा कार्यक्रम संचालन र बालविकास कार्यक्रम तर्फ रु. ४२ लाख बजेट विनियोजन गरिएको छ ।

३. संघीय सशर्त स्वास्थ्य तर्फस्थानीय तहका शाखा, स्वास्थ्य चौकीहरुमा कार्यरत कर्मचारीको तलव भत्ता र स्वास्थ्य संस्था व्यवस्थापन मा रु. ३ करोड ९८ लाख बजेट विनियोजन गरिएको छ।

४. सशर्त स्वास्थ्य को बहुक्षेत्रिय पोषण, परिवार कल्याण कार्यक्रम, नर्सिङ र महिला स्वास्थ्य स्वयमसेविकाको संचालन र व्यवस्थापन, अपाङ्गता रोकथाम तथा कुष्ठरोग नियन्त्रण, क्षेयरोग नियन्त्रण, आयुर्वेद स्वास्थ्य र महामारी रोग नियन्त्रण लगाएत कार्यक्रमको लागी रु. १ करोड ६७ लाख बजेट विनियोजन गरिएको छ।

५. सशर्त अनुदानमा लघु उद्यम विकास कार्यक्रम, रोजगार प्रवर्द्धन कार्यक्रम, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण कार्यक्रम, राष्ट्रिय रोजगार प्रवर्द्धन कार्यक्रम संचालनको लागी आवश्यक बजेट विनियोजन गरिएको छ।

६. सशर्त कृषि तथा पशु सेवा विकास तर्फ माटो स्वास्थ्य सुधार, उन्नतविउ उत्पदानमा अनुदान, मासुको लागि पाडा प्रवर्द्धन कार्यक्रमलगाएत कार्यक्रमहरुको लागी आवश्यक बजेट विनियोजन गरिएको छ।

७. संघीय सरकार सशर्त अनुदान पूँजीगत तर्फ स्वीकृत गुरुयोजनाका आधारमा साझेदारीमा विद्यालय पुर्वाधार विकास निर्माणको लागी रु.५६ लाख र मनाकपुर कुइरेपानी झोलुँगे पुल निर्माणको लागी रु. २० लाख बजेट विनियोजन गरिएको छ ।

८. संघीय सरकार समपुरक अनुदानबाट धर्मशाला माथिल्लो हेमन्तापुर हुदै मनिकापुर तथा मनिकापुर हुदै हाडिमे जाने सडक कालोपत्रे निर्माणको लागि रु. ६० लाख बजेटल विनियोजन गरिएको छ ।

९. संघीय सरकार विशेष अनुदान बाट संचालन हुने गरी झांक्री ढुँगा खानेपानी आयोजना निर्माणको लागी रु. ८८ लाख बजेट विनियोजन गरिएको छ ।

**ख. प्रदेश सरकारहस्तान्तरित अनुदानबाट संचालन हुने योजना तथा कार्यक्रमहरु**

१. प्रदेश सरकार सशर्त अनुदानको चालु कार्यक्रमको लागी रु. ३६ लाख बजेट विनियोजन गरिएको छ ।

२. प्रदेश सरकार सशर्त अनुदान पूँजीगतमा स्वास्थ्य क्षेत्रको पुर्वाधार निर्माण तथा सरसफाइ र सडक नाला निर्माण लगाएत रु. १ करोड ६६ लाख बजेट विनियोजन गरिएको छ।

३. प्रदेश सरकार समपुरकमा वनकट्टी स्कुलदेखि पिपलचौतारा जोड्ने सडक स्तरोन्नती वडा नं १७ र वनहरी डवरा नमुनाटोल बेलटाकुरा मोतीपुर हुदै दंगिशरण थारु राजाकोटको दरवार जोड्ने सडक वडा नं ११ गरि एकमुष्ट १ करोड ५० लाख बजेट विनियोजन गरिएको छ।

४. प्रदेश सरकार विशेष अनुदानमा भमकेखोला तटबन्ध, वडा नं. २ योजनाको लागी रु. २० लाख बजेट विनियोजन गरिएको छ ।

## आगामी आ.व.को अनुमानित आय र व्ययको विवरण अनुसुची १ मा संलग्न गरिएको छ ।

### सम्मानित नगर सभाका अध्यक्षज्यु, तथा सदस्यज्यूहरू,

अब म यहाँहरु समक्ष यस तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको तर्फबाट आर्थिक वर्ष २०८३/०८४ का लागि नगरसभाको प्रथम वैठकले पारित गरेको नीति तथा कार्यक्रम, बिनियोजित बजेटको विस्तृत विवरण रातो कितावमा समावेश गरीने व्यहोरा अवगत गराउँछु ।

**सम्मानित नगरसभाका सभाध्यक्षज्यू  तथा सदस्यज्यूहरू,**

माथि उल्लेखित बजेट र कार्यक्रमहरुको अतिरिक्त आन्तरिक आय, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान र बाँडफाँट रकम, आन्तरिक ऋण समेतको विष्तृत विवरण यसै साथ संलग्न गरिएको छ । संलग्न आय, व्यय र योजनाको विवरणहरुलाई आर्थिक ऐन र विनियोजन विधेयकको अंगका रुपमा समावेश गरिएको छ । यो बजेट कार्यान्वयनका लागि नगरसभा सदस्यज्यूहरू, कर्मचारी, सहकारी,निजी क्षेत्र, नागरिक समाज, विकास साझेदार,संघ संस्था तथा सम्पूर्ण नगरवासीहरूको सक्रिय सहभागिता र सहयोग आवश्यक रहनेछ। सबै पक्षको सहकार्यबाट मात्र हामीले समृद्ध, सुरक्षित, व्यवस्थित र हरित नगर निर्माणको लक्ष्य हासिल गर्न सक्नेछौं।

अन्त्यमा, तर्जुमा गर्ने क्रममा खटिइ महत्वपूर्ण योगदान पूर्याउनुहुने सबै जनप्रतिनिधि, कर्मचारी, महत्वपूर्ण सल्लाह सुझाव दिई सहयोग पुर्याउनुहुने विज्ञ, राजनीतिक दल, सरकारी तथा गैर सरकारी संघसंस्था, निजि क्षेत्र, नागरिक समाज, समाजसेवी, सामाजिक अभियन्ता, सञ्चारकर्मि पत्रकार लगायत सबै आम तुलसीपुर नगरबासिहरुमा सहृदय हार्दिक धन्यवाद तथा कृतज्ञता व्यक्त गर्दछु ।यस बजेट तथा कार्यक्रमलाई सफल तथा नतिजामुखी बनाउनका लागि कार्यान्वयनका क्रममा लाभग्रही तथा सरोकारवालासबैको रचनात्मक साथ, सहयोग, समन्वय र सहकार्यको अपेक्षा गर्दछु।

"**समृद्ध तुलसीपुर निर्माणमा**" यहाँहरु सवैलाई हातेमालो गर्नका लागि आह्वान गर्दै आर्थिक बर्ष २०८३/०८४ को बजेट बक्तव्य यही अन्त्य गर्दछु ।

**धन्यवाद !!!**

## अनुसुची-१

## तुलसीपुर उपमहानगरपालिकाको आ.व. २०८३/०८४ को अनुमानित आय ब्यय विवरण

| क्र=सं = | आय शिर्षक | आय रकम | खर्च शिर्षक तर्फ | व्यय रकम |
|---|---|---|---|---|
| १ | संघीयसमानिकरण अनुदान | २८७७०००००० | कार्यालय संचालन तथा प्रशासनिकखर्च | ४५०३२१००००० |
| २ | संघीयसशर्त अनुदान | ६७२३०००००० | वडा स्तरिय योजना तथा कार्यक्रम १९ वटै वडा | १९००००००० |
| ३ | संघीयसमपुरक अनुदान | ६०००००० | बहुवर्षियतथा क्रमागत योजनाहरुको बजेट व्यवस्था (संझौता भएका तर भुक्तानी बाँकी तथाकार्यसम्पन्न नभएका) | २८००००००० |
| ४ | संघीयविशेष अनुदान | ८८००००० | सडक बोर्ड अन्तर्गत सञ्चालन हुने योजनाहरु | १०००००००० |
| ५ | प्रदेशसमानिकरण अनुदान | १९८९८००० | विषय गत शाखा/महाशाखाहरुको लागी बजेट व्यवस्था | १९९५००००० |
| ६ | प्रदेशसशर्त अनुदान | २०२५०००० | नगर स्तरिय गौरवका आयोजनाहरु | ९५०००००० |
| ७ | प्रदेशसमपुरक अनुदान | १५०००००० | नगर स्तरिय कार्यक्रमतथा आयोजनाहरु | ४७९४२०००० |
| ८ | प्रदेशविशेष अनुदान | २०००००० | संघीय सशर्तबजेट अन्तर्गत संचालन हुने कार्यक्रम तथा योजनाहरु | ६७२३०००००० |
| ९ | संघीयसरकार राजश्व बाँडफाँड | २४०९५७००० | प्रदेश सशर्त बजेटअन्तर्गत संचालन हुने कार्यक्रम तथा योजनाहरु | २०२५०००० |
| १० | प्रदेशसरकार राजश्व बाँडफाँड | २४१८६००० | संघीयसमपुरक अन्तर्गतका योजनाहरु | ६०००००० |
| ११ | स्थानीय सरकार रा.बाँ.फा. मालपोत | २४००००००० | प्रदेश समपुरक अन्तर्गतका योजनाहरु | १५०००००० |
| १२ | स्थानीय सरकार रा.बाँ.फा. दहवत्तर बहत्तर | ४०००००००० | संघीय विशेष अनुदान अन्तर्गतका कार्यक्रम र योजनाहरु | ८८००००० |
| १३ | आन्तरिकस्रोत | ५४००००००० | प्रदेश विशेष अनुदान अन्तर्गतका कार्यक्रम र योजनाहरु | २०००००० |
| १४ | विज्ञापनकर | १५००००० | नगर विकास कोष अन्तरगतका योजनाहरु | २१०००००० |
| १५ | गत वर्षकोअ.ल्या. मौज्दात | ३०००००००० | | |
| १६ | सडक बोर्ड | १०००००००० | | |
| १७ | नगर विकासकोष ऋण | २१०००००० | | |
| | **जम्मा** | **२४४९५९१०००** | | **२४४९५९१०००** |